# बकैया गाउँकार्यपालिकाको मिति २०७५।३।२१ गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

**१. बकैया गाउँपालिकाको विनियोजन ऐन २०७५ सम्बन्धमा :-**

बकैया गाउँपालिकाको तेश्रो गाउँसभाको मिति २०७५।३।१० को पहिलो बैठकमा पेश भएको बकैया गाउँपालिकाको विनियोजन ऐन २०७५ लाई गाउँसभाले शंशोधन सहित पुन गाउँसभामा पेश गर्न अनुरोध गरेकोमा बकैया गाउँकार्यपालिकाको आजको बैठकले उक्त विधेयकलाई शंशोधन सहित पारित गरियो र गाउँसभाको बजेट अधिवेशनको अर्को बैठकमा पेश गर्ने निर्णय गरियो।

**२. गाउँसभाको लागि मिति तोक्ने सम्बन्धमा :-**

बकैया गाउँपालिकाको तेश्रो गाउँसभाको दोश्रो बैठक मिति २०७५ साल असार महिनाको ३१ गते संचालन गर्ने सर्वसम्मत निर्णय गरियो।

**३. बकैया गाउँपालिका न्यायिक समिति कार्यविधि ऐन, २०७४ शंशोधन सम्बन्धमा :-**

“बकैया गाउँपालिका न्यायिक समिति कार्यविधि ऐन, २०७४” को दफा ७१ मा “मेलमिलापमा जाने विवादको हकमा मेलमिलापकर्ताले पक्षहरुले सहमतिमा दिन मञ्जुर भएदेखि बाहेक कुनै प्रकारको दस्तुर लाग्नेछैन । तर पक्षहरूको सहमतिमा मेलमिलापकर्ताले पक्षहरुबाट बढीमा रु ५००।-/५००।- लिन पाउनेछन” भन्ने व्यहोरा उल्लेख भएकोमा “मेलमिलापकर्ताबाट फस्यौंट भएको प्रत्येक विवादको लागि मेलमिलापकर्ताबाट प्रतिवेदन पेश भए पश्चात गाउँपालिकाबाट रु ५०० भुक्तानी हुनेछ” भन्ने व्यहोरा राखी कार्यविधी शंशोधन गर्ने निर्णय गरियो ।

बकैया गाउँपालिका मकवानपुर